जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७४ | २०८३ साल जेठ ०६ गते बुधवार | Wednesday-20-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## छातवा नाकामा तस्करीको लाइन खुलाएको आरोप, प्रहरीकै संरक्षणमा अवैध कारोबार फस्टाएको दाबी

*शु.आ. सम्बाददाता*
*कलैया, ०५ जेठ*

नेपाल प्रहरी को जिम्मेवारी सीमावर्ती क्षेत्रमा शान्ति सुरक्षा कायम गर्नु, अपराध नियन्त्रण गर्नु र राजस्व चुहावट रोक्नु हो। तर बारा जिल्लाको ईलाका प्रहरी कार्यालय छातवा माथि भने उल्टै तस्करीलाई संरक्षण दिएको गम्भीर आरोप लागेको छ।




स्थानीय स्रोत तथा व्यापारीहरूको दाबीअनुसार ईलाका प्रहरी कार्यालय छातवाका प्रमुख प्रहरी नायब निरीक्षक धनबहादुर श्रेष्ठको मिलेमतोमा सीमावर्ती क्षेत्रमा पुनः तस्करी मौलाउन थालेको हो। केही महिनाअघि रोकिएको भनिएको अवैध कारोबार अहिले पुनः सक्रिय बनेको र त्यसमा प्रहरीकै प्रत्यक्ष संरक्षण रहेको आरोप सार्वजनिक भएको छ।

स्थानीयवासीका अनुसार भारतसँग जोडिएको छातवा नाकाबाट दैनिक रूपमा लत्ताकपडा, हार्डवेयर सामग्री, इलेक्ट्रोनिक पार्ट्स, मोटरसाइकलका पार्टपुर्जा, मोबाइलका सामान, पानपराग, रजनीगन्धा, राजनिवास तथा विभिन्न कस्मेटिक सामग्री भन्सार छलि गरी नेपाल भित्र्याईंदै आएको छ। स्रोतका अनुसार, ईप्रका छातवाले प्रहरी जवान धनुकेश्वर यादवलाई "घुमुवा" का रूपमा परिचालन गरी तस्करीको लाइन व्यवस्थापन गर्ने काम गरिरहेको आरोप छ। तस्करहरूसँग नियमित रकम उठाएर सहज रूपमा मालसामान ओसारपसार गराउने वातावरण बनाइएको स्थानीय व्यापारीहरूको भनाइ छ।

नाम नखुलाउने सर्तमा एक स्थानीय कारोबारीले प्रहरीकै संरक्षणमा तस्करी सञ्चालन भइरहेको दाबी गर्दै तस्करीबाट संकलन हुने रकम चौकीदेखि जिल्लाको उच्च तहसम्म पुग्ने गरेको आरोप लगाए। उनका अनुसार, नाका सहज बनाउन भन्दै लाखौं रुपैयाँ असुली हुने गरेको छ।

स्थानीय स्रोतले प्रहरी नायब निरीक्षक श्रेष्ठकै निर्देशनमा घुमुवा जवान यादवमार्फत अवैध कारोबारको "सेटिङ" मिलाइने गरिएको दाबी गरेका छन्। जसका कारण सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणभन्दा बाहिर जान थालेको र राज्यको राजस्वमा

## वीरगंजमा दुर्गा प्रसाईंको रिहाइको माग गर्दै प्रदर्शन, अनुसन्धानका लागि थप तीन दिन म्याद

*शु.आ. सम्बाददाता*
*बिरगंज, ०५ जेठ*



मेडिकल व्यवसायी तथा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल' का संयोजक दुर्गा प्रसाईंको रिहाइको माग गर्दै उनका समर्थकहरूले मंगलबार वीरगंजमा प्रदर्शन गरेका छन्। समर्थकहरूले जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि नाराबाजी गर्दै प्रसाईंलाई तत्काल रिहा गर्न माग गरेका हुन्।

यसैबीच, प्रहरीले प्रसाईंमाथि अनुसन्धान गर्न थप तीन दिनको म्याद पाएको छ। सोमबार राति वीरगंजस्थित होटल सिद्धार्थ दियालो बाट पक्राउ परेका प्रसाईंलाई मंगलबार पर्सा जिल्ला अदालतमा उपस्थित गराइएको थियो। अदालतले अनुसन्धानका लागि म्याद थप गर्न अनुमति दिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

प्रहरीका अनुसार सामाजिक सञ्जालमार्फत उत्तेजक अभिव्यक्ति दिएको, सामाजिक सद्भावमा असर पुग्ने गतिविधि सञ्चालन गरेको तथा राज्यविरुद्ध उक्साउने प्रकृतिका कार्यमा संलग्न रहेको भन्ने उजुरीका आधारमा प्रसाईंलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको हो। उनीमाथि हाल विद्युतीय कारोबार ऐन तथा सार्वजनिक शान्तिविरुद्धको कसुरअन्तर्गत मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले अनुसन्धानका क्रममा प्रसाईंका विभिन्न सार्वजनिक अभिव्यक्ति, कार्यक्रमका गतिविधि तथा सामाजिक सञ्जालमा पोस्ट गरिएका सामग्रीहरूको थप विवरण र प्रमाण संकलन भइरहेको जानकारी दिए। उनका अनुसार अनुसन्धान पूरा नभएसम्म प्रसाईंलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिनेछ।

प्रसाईं मंगलबार वीरगंजमा आयोजना हुने कार्यक्रमका लागि सोमबार काठमाडौंबाट सिमरा विमानस्थल हुँदै वीरगञ्ज पुगेका थिए। प्रहरीका अनुसार उनलाई बेलुकी करिब ८ बजेतिर होटल सिद्धार्थ दियालोबाट नियन्त्रणमा लिइएको हो।

प्रसाईं पक्राउ परेपछि उनका समर्थकहरूले वीरगंजमा विरोध प्रदर्शन चर्काएका छन्। प्रदर्शनकारीहरूले सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा प्रसाईंलाई पक्राउ गरेको आरोप लगाउँदै तत्काल रिहाइको माग गरेका छन्। प्रदर्शनका क्रममा जिल्ला प्रहरी कार्यालय आसपासको क्षेत्रमा केही समय सुरक्षा व्यवस्था कडा पारिएको थियो।

प्रहरीले भने कानुनी प्रक्रिया अनुसार अनुसन्धान भइरहेको र शान्ति सुरक्षा अवस्था सामान्य रहेको जनाएको छ।

## पर्सामा बोक्सी आरोपमा ३ महिला पक्राउ

*शु.आ. सम्बाददाता*
*बिरगंज, ०५ जेठ*

जिल्ला प्रहरी कार्यालय पर्साले बोक्सी आरोपसम्बन्धी घटनामा संलग्न रहेको आरोपमा तीन महिलालाई पक्राउ गरेको जनाएको छ।




बोक्सी आरोप कसूर गर्ने ३ जना पक्राउ ।

जिल्ला प्रहरी कार्यालय पर्साको प्रबक्ता एवम् प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतको अनुसार वीरगंज महानगरपालिका वडा नम्बर-३२ चोर्नी टोलस्थित एक घरमा बोक्सी आरोप लगाउँदै अमानवीय व्यवहार गरिएको घटनामा संलग्न तीन जनालाई मँगलबार नियन्त्रणमा लिइएको हो।

प्रहरीका अनुसार गत फागुन २७ गते करिब ११:३० बजे वीरगंज महानगरपालिका-३२ निवासी २८ वर्षीया मुन्ती देवी समेत जोखेबालीलाई बोक्सीको आरोप लगाउँदै कुटपिट तथा दुर्व्यवहार गरिएको थियो। पीडितलाई "भूत-प्रेत लागेको", "बोक्सी परेको" जस्ता आरोप लगाउँदै गालीगलौज र कुटपिट गरिएको जाहेरीका आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ।

उक्त घटनामा संलग्न रहेको आरोपमा वीरगंज महानगरपालिका-३२ चोर्नीका ३८ वर्षीया पिंकी देवी, ४४ वर्षीया पानमती देवी र ५० वर्षीया शान्ति देवी धानुकलाई प्रहरीले पक्राउ गरेको हो। प्रहरी टोलीले उनीहरूलाई वीरगंज महानगरपालिका-८ घण्टाघर क्षेत्रमा हिँडिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको छ। पक्राउ परेका महिलामाथि बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ अन्तर्गत मुद्दा दर्ता गरी पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

प्रहरीले सामाजिक अन्धविश्वास तथा बोक्सी आरोपजस्ता अमानवीय गतिविधिमा संलग्न नहुन सबैलाई आग्रह गर्दै यस्ता घटनामा कानुनी कारबाही गरिने चेतावनी दिएको छ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

## संघीय सरकारको नीतिविपरीत चन्द्रपुरमा आइतबार पनि विद्यालय र कार्यालय खुल्ने

*शु. आ. सम्बाददाता*
*रौतहट, ०५ जेठ*

रौतहटको उत्तरी भेगमा रहेको चन्द्रपुर नगरपालिका ले संघीय सरकारको अभ्यासभन्दा फरक निर्णय गर्दै अब साताको ६ दिन नै विद्यालय तथा सरकारी कार्यालय सञ्चालन गर्ने भएको छ। नगर कार्यपालिकाको जेठ ४ गते बसेको बैठकले स्थानीय आवश्यकता, सेवाग्राहीको सहजता तथा शैक्षिक गुणस्तरलाई प्राथमिकतामा राख्दै आइतबारको सार्वजनिक बिदा कटौती गर्ने निर्णय गरेको हो।




नगर प्रमुख सञ्जय कुमार काफ्ले द्वारा जारी सूचनाअनुसार नगरक्षेत्रभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आगामी जेठ १० गतेदेखि लागू हुने गरी आइतबार पनि नियमित पठनपाठन सञ्चालन हुनेछ। यससँगै नगरपालिकाअन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरू समेत साताको ६ दिन खुला रहनेछन्।

केही समयअघि संघीय सरकारले इन्धन खपत घटाउने तथा प्रशासनिक खर्च कटौती गर्ने उद्देश्यले सातामा दुई दिन सार्वजनिक बिदाको अवधारणा अघि सारेको थियो। तर, चन्द्रपुर नगरपालिकाले स्थानीय अवस्था, विद्यार्थीहरूको अध्ययन अवधि तथा सेवाप्रवाहमा देखिएको समस्यालाई आधार बनाउँदै पुरानै ६ दिने कार्यप्रणालीलाई निरन्तरता दिने निर्णय गरेको जनाएको छ।

नगरपालिकाले नयाँ कार्यालय समयसमेत सार्वजनिक गरेको छ। जसअनुसार आइतबारदेखि बिहीबारसम्म बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म कार्यालय सञ्चालन हुनेछ भने शुक्रबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म सेवा प्रवाह गरिनेछ। यो समयतालिका नगरपालिकाको मुख्य प्रशासनिक भवनसहित १० वटै वडा कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, कृषि शाखा, पशु सेवा केन्द्र तथा मातहतका सम्पूर्ण निकायहरूमा लागू हुने जनाइएको छ। मधेश प्रदेशका अधिकांश स्थानीय तहहरूमा दुई दिने सार्वजनिक बिदा व्यावहारिक नभएको गुनासो विगतदेखि उठ्दै आएको थियो। विशेषगरी ग्रामीण तथा कृषि प्रधान क्षेत्रमा टाढादेखि सेवा लिन आउने सेवाग्राहीहरू आइतबार कार्यालय बन्द हुँदा समस्यामा पर्ने गरेका थिए। चन्द्रपुर नगरपालिकाले त्यही अवस्थालाई मध्यनजर गर्दै सेवाप्रवाहलाई सहज बनाउन यस्तो निर्णय गरिएको स्पष्ट पारेको छ।

नगर प्रमुख काफ्लेले स्थानीय आवश्यकता र जनचाहनालाई आधार बनाएर निर्णय गरिएको बताउँदै भने, "हाम्रो मुख्य प्राथमिकता भनेको नागरिकलाई सहज सेवा प्रदान गर्नु र बालबालिकाको भविष्य सुनिश्चित गर्नु हो। स्थानीय वस्तुस्थितिको विश्लेषण

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# तेस्रोलिङ्गी प्रदर्शन र प्रहरी कारबाहीः अधिकार, मर्यादा र कानुनी सन्तुलनको प्रश्न

बाराको जिल्ला प्रहरी कार्यालय अगाडि सोमबार भएको प्रदर्शन र त्यस क्रममा उत्पन्न तनावले हाम्रो समाजमा अधिकार अभ्यास, कानुनी प्रक्रिया र सार्वजनिक शान्तिबीचको सन्तुलन अझै कमजोर रहेको संकेत दिएको छ । पक्राउ परेका एक व्यक्तिलाई रिहा गर्न माग गर्दै गरिएको प्रदर्शन लोकतान्त्रिक अधिकारको अभ्यास भए पनि त्यस क्रममा देखिएको अव्यवस्था र सार्वजनिक असुविधाले आन्दोलनको मर्यादा र सीमाबारे गम्भीर प्रश्न उठाएको छ ।

प्रदर्शनको क्रममा सडक अवरुद्ध हुनु, सर्वसाधारणको आवागमन प्रभावित हुनु तथा सुरक्षा निकायसँग तनाव उत्पन्न हुनु कुनै पनि माग प्रस्तुत गर्ने उपयुक्त अभ्यास होइन । अभिव्यक्ति स्वतन्त्रता र प्रदर्शनको अधिकार संविधानले सुनिश्चित गरे पनि त्यसको प्रयोग अरू नागरिकको अधिकार र सार्वजनिक सुरक्षामा असर नपर्ने गरी गरिनु आवश्यक हुन्छ ।

त्यसैगरी, पक्राउ परेका व्यक्तिमाथि चलिरहेको अनुसन्धान प्रक्रिया पनि कानुनी ढाँचाभित्र निष्पक्ष र पारदर्शी हुनुपर्छ । कुनै पनि अभियोगको छानबिन प्रमाण र कानुनका आधारमा मात्र अघि बढाइनुपर्छ, सामाजिक पूर्वाग्रह वा दबाबका आधारमा होइन । विशेषगरी संवेदनशील समुदायसँग सम्बन्धित घटनामा राज्य संयन्त्र अझ बढी जिम्मेवार र संवेदनशील बन्नु आवश्यक छ ।

यस घटनापछि बजार क्षेत्रमा उठेका गुनासा र सुरक्षासम्बन्धी प्रश्नहरू पनि बेवास्ता गर्न मिल्दैन । तर यस्ता समस्या समाधानका लागि दोषारोपण वा सामूहिक अविश्वास होइन, कानुनी कारबाही, संवाद र दीर्घकालीन व्यवस्थापन आवश्यक हुन्छ ।

अन्ततः, लोकतान्त्रिक समाजको आधार अधिकारको सम्मान, कानुनको पालना र सामाजिक सहअस्तित्व हो । यी तीन पक्षबीच सन्तुलन कायम गर्न सके मात्र यस्ता घटनाबाट उत्पन्न तनावलाई समाधानतर्फ लैजान सकिन्छ ।

# वैदेशिक रोजगारी : समस्या खाडीमा होइन, काठमाडौंमा

मेघराज सापकोटा

देशमा झन्डै दुईतिहाइको सरकार बनेको छ । विपक्षीहरूले लगाउने एउटा आरोप के हो भने वैदेशिक रोजगारीमा गएका नेपालीहरूले घरपरिवारका सदस्यहरूलाई मतदानमा प्रभावित पारेर राष्ट्रिय स्वतन्त्र पार्टीले यो मत प्राप्त गरेको हो । सामाजिक सञ्जालमा उनीहरूको पहुँच, विदेशको विकास, शासन प्रणाली, विकासको गति, सुशासन र अनुशासन देखेका तथा भोगेका नेपालीहरूले नयाँ पार्टी सरकारमा

आएमा देशले फड्को मार्छ भन्ने आशा राख्नु अन्यथा होइन ।

अब वैदेशिक रोजगारीमा गएका उनीहरूको त्यो आशालाई कार्यान्वयनमा लैजानुपर्ने दबाबमा वर्तमान सरकार हुनुपर्छ । उनीहरूको मागलाई सम्बोधन गरिएन भने आगामी स्थानीय निर्वाचन र फेरि हुने प्रतिनिधिसभाको निर्वाचनमा यसको प्रत्यक्ष असर पर्ने नै छ । अर्को यथार्थ के पनि हो भने वैदेशिक रोजगारीमा गएका नेपालीहरू कुनै पार्टीका स्थायी मतदाता होइनन् र हुन सक्दैनन् । सरकारको नीति र कामले उनीहरू प्रभावित हुन्छन् । यति ठूलो आशा राखेका देशबाहिरका लाखौं नेपालीको सम्बोधन यो सरकारले गर्नुपर्छ । दुईतिहाइको

जनमतको गुण वर्तमान सरकारले समयमै फर्काउनुपर्छ ।

हामीले वैदेशिक रोजगारीलाई लामो समयदेखि 'कहर'का रूपमा चित्रण गर्दै आएका छौं । खाडीका लेबर क्याम्प, चर्को घाममा काम गर्ने श्रमिक, न्यून तलब, श्रमशोषण–यी सबै यथार्थ हुन् । तर मूल प्रश्न त्यहीं उठ्छ- के यो सबैको जड खाडीमै छ ? वा यसको बिउ नेपालमै रोपिएको छ ? दुई दशक खाडी क्षेत्रमा बसेर देखिएको यथार्थले स्पष्ट भन्छ- समस्या श्रमिकमा होइन, उनीहरूलाई पठाउने प्रणालीमा छ । समस्या राज्य संयन्त्रमा छ । नियोगहरूमा छ । राजनीतिक नेतृत्वमा छ । र, केही हदसम्म श्रमिकभित्र पनि ।

खाडीमा काम गर्ने नेपाली श्रमिकको वास्तविकता बुझ्न सतहमा देखिने पीडाभन्दा गहिरो संरचनागत कारणतर्फ हेर्नुपर्ने आवश्यकता अझै बाँकी छ । परदेशमा पसिना बगाइरहेका लाखौं नेपालीको कथा केवल श्रमको कथा होइन, यो राज्यको दोहोरो चरित्र, नीतिगत असफलता र संरचनागत अन्यायको कथा पनि हो । समाधान पनि त्यहीं खोज्नुपर्छ ।

नेपालमै श्रमिकहरू आर्थिक शोषणमा परिसकेपछि मात्र वैदेशिक रोजगारीतर्फ धकेलिन्छन् । अधिकांश ऋणको भारी बोकेर हिँडिरहेका हुन्छन् । त्यसैले उनीहरू कुनै पनि हालतमा विदेश जान बाध्य हुन्छन्- जस्तोसुकै काम गर्न, एउटा भनेर अर्को काममा सम्झौता गर्न, अत्यन्त न्यून तलबमा काम गर्न । भाषाको समस्या, कानुनी अज्ञानता र अरूप्रति अत्यधिक निर्भरता- यी सबैले उनीहरूलाई थप असुरक्षित बनाउँछ । अझ गम्भीर कुरा के भने यी सबै समस्याबारे सम्बन्धित नियोग र दूतावास जानकार छन् । कुन कम्पनीमा के

भइरहेको छ भन्ने उनीहरूलाई थाहा हुन्छ ।

तर पनि माग प्रमाणीकरण रोकिन्न । किन ? कसको स्वार्थ जोडिएको छ ? समस्याको निराकरणको सुरुवात यताबाट गरौं । खाडीका धेरै देशसँग नेपालले श्रम सम्झौता गरेको छ । तर ती सम्झौताहरू कागजमै सीमित छन् । कार्यान्वयनको अवस्था के छ भन्नेबारे कहिल्यै गम्भीर समीक्षा हुँदैन । नीति बनाउनेहरूका लागि श्रमिक संख्यामात्र हुन्, मान्छे होइनन् । दूतावासको भूमिकामा अझ ठूलो प्रश्न उठ्छ । खाडीका जेलमा रहेका नेपालीबारे कहिलेकाहीँ सोधखोज हुन्छ, तर उद्धारका लागि ठोस पहल विरलै देखिन्छ । कानुनी सहायता त झन् दुर्लभ छ । जनशक्ति छैन, इच्छाशक्ति पनि छैन । मूलपानीका वीरेन्द्र कार्कीको रिहाइका लागि दूतावास पुगेका उनका दाइलाई हप्काएर फर्काइएको घटना अपवाद होइन, प्रवृत्तिको उदाहरण हो । दूतावासहरू सेवा केन्द्रभन्दा बढी 'सानो दरबार'जस्ता देखिनु विडम्बना हो । नेपालमा कानुन बन्छ तर कार्यान्वयन हुन्न । कार्यान्वयनमा जटिलता देखाइन्छ ।

एउटा सोच बदल्न जरुरी छ, नेपालमा युवाहरू बिदेसिनु रहर होइन, बाध्यता हो । राज्यले रोजगारी सिर्जना गर्न नसकेपछि वैदेशिक रोजगारीलाई नीति बनायो । उत्पादन क्षेत्र कमजोर भयो, कृषि ओझेलमा पर्‍यो, सेवा क्षेत्रमा सीमित अवसर रहे । कृषिमा लगानी उठ्दैन, उत्पादनको बजार सुनिश्चित छैन; दशकौं विदेश बसेर फर्केकाहरू फेरि बिदेसिन बाध्य भइरहेका छन् । अन्ततः 'रेमिट्यान्स अर्थतन्त्र'लाई विकासको मेरुदण्ड बनाइयो । आज देशको कुल गार्हस्थ्य उत्पादनको झन्डै एक चौथाइ हिस्सा रेमिट्यान्सले धानेको छ । तर यस्तो ठूलो योगदान हुँदाहुँदै पनि विकास किन सुस्त छ ? प्रश्न अझै अनुत्तरित छ ।

खाडीमा श्रम शोषणका उदाहरण असंख्य छन्- कागजमा आठ घण्टा, व्यवहारमा बाह्र घण्टा काम; सम्झौतामा एउटा तलब, खातामा अर्को रकम; ओभरटाइम नपाउनु; पासपोर्ट कम्पनीले राख्नु; छुट्टी नदिनु । तर यी सबै समस्यालाई केवल गन्तव्य देशको दोष भनेर टार्नु अधुरो सत्य हो । किनकि श्रमिकलाई पठाउने बेलामै गलत सूचना, झुटा आश्वासन र महँगो शुल्कको जालोमा फसाइन्छ । यसमा राज्य संयन्त्रको मौन सहमति देखिन्छ । मिलेमतो नभई यो सम्भव छैन । रोकिने अवस्था पनि देखिँदैन । झापाका ख्यामराज प्रधानको मृत्यु दुर्घटनावश भयो । सन् २०१९ डिसेम्बरमा दुबईमा ज्यान गुमाएका प्रधानका परिवारले पटक-पटक कन्सुलर सेवा धाए, दूतावास पुगे, मिडियासम्म गुहारे । तर क्षतिपूर्ति अझै पाएका छैनन् । दूतावासको ढिलासुस्ती कुम्भकर्ण निद्राजस्तै छ । काभ्रेपलाञ्चोकका लक्ष्मण तामाङ र रोल्पाका रामबहादुर ओलीका परिवारले आफन्त गुमाए, तर न्यायको प्रक्रिया कहाँ पुग्यो भन्ने जानकारीसमेत पाउँदैनन् । श्रमिकलाई मात्रै दोष दिएर सरकार जिम्मेवारीबाट उम्किन सक्दैन । काठमाडौंका गल्लीहरूमा खुलेआम हिँड्ने एजेन्टहरू, म्यानपावर कम्पनीहरूको अनियन्त्रित गतिविधि र कर्मचारीतन्त्रको मिलेमतो- यी सबैले वैदेशिक रोजगारीलाई अव्यवस्थित बनाएका छन् । ठगी र अनियमितता व्यक्तिगत अपराधमात्र होइनन्; यी राजनीतिक संरक्षणमा मौलाएका संरचनागत समस्या हुन् । राज्यले चाहेको भए नियन्त्रण गर्न सक्थ्यो । तर श्रम निर्यात आफैंमा लाभदायक 'व्यापार' बनेपछि नियन्त्रणको इच्छाशक्ति हरायो ।

श्रमिकलाई दोष दिने प्रवृत्ति पनि कम खतरनाक छैन । 'नेपालीहरू काम गर्न जान्दैनन्', 'अराजक छन्' जस्ता आरोपले वास्तविक समस्या ढाकिन्छ । म्यानपावर कम्पनीहरूले एउटा काम भनेर अर्को काम लगाएमा श्रमिकले सम्बन्धित निकायमा गुनासो राख्नु स्वाभाविक हो । त्यो नसुनेपछि रिसाउनु पनि स्वाभाविक हो । तोकिएको तलब नपाए काम गर्दिन भन्नु अराजकता होइन- उसलाई वाचा गरिएका सेवा-सुविधा सुनिश्चित गर्नु नियोगहरूको जिम्मेवारी हो ।

खाडीमा केवल अशिक्षित होइनन्- डाक्टर, इन्जिनियर, नर्स, प्राविधिक सबै छन् । समस्या व्यक्तिको होइन, प्रणालीको हो । तर काठमाडौंको नजर अझै 'लेबर मानसिकता' भन्दा माथि उठ्न सकेको छैन । प्रस्थानपूर्व तालिम पनि औपचारिकतामा सीमित छ । कागजमा जानकारी दिइन्छ, व्यवहारमा श्रमिक अज्ञान रहन्छन् । आफ्नो अधिकार के हो, समस्या परे कहाँ जाने–यी आधारभूत कुरा पनि थाहा हुँदैन । यस्तो अवस्थामा उनीहरू शोषणको सिकार बन्नु स्वाभाविक हो । यसलाई श्रमिकको कमजोरी भन्नु अन्याय हो; यो प्रणालीको असफलता हो ।

परदेशमा संकट पर्दा दूतावास अन्तिम आशा हुनुपर्छ । तर उजुरी गर्दा 'किन काम छोडेको ?' भन्ने प्रश्नबाट सुरु हुने व्यवहारले श्रमिकलाई निराश बनाउँछ । काम नछोडी कसरी दूतावासमा गुनासो दर्ता गर्ने- यसको स्पष्ट व्यवस्था छैन । काम छोडेर घण्टौं यात्रा गरेर दूतावास पुग्दा उल्टै 'किन काम छोडेको ?' भन्ने गालीबाट सोधपुछ सुरु हुन्छ । अब पनि नियोगहरू डिजिटल युगमा रूपान्तरण हुनुपर्ने होइन ? प्रशासनिक ढिलासुस्ती, कम्पनीको दबाब र कानुनी झन्झटले उनीहरूलाई चुप बस्न बाध्य पार्छ । फलतः अनौपचारिक सामाजिक संस्था र स्वयंसेवी समूहहरू नै वास्तविक सहारा बन्ने विडम्बना देखिन्छ ।

वैदेशिक रोजगारीको सामाजिक मूल्य पनि चर्को छ । परिवार विखण्डन, बालबालिकामा मनोवैज्ञानिक असर, वृद्धहरूको असहाय अवस्था- यी समस्या गहिरिँदै छन् । मानसिक तनाव, डिप्रेसन र आत्महत्याका घटना बढ्दैछन् । तर यिनलाई व्यक्तिगत कमजोरी भनेर टार्नु राज्यको जिम्मेवारीबाट पन्छिनु हो । यदि देशभित्र सम्मानजनक रोजगारी हुन्थ्यो भने आज खाडीका क्याम्पहरू नेपाली युवाले भरिएका हुने थिएनन् । मानिस परदेश जान चाहँदैन; बाध्य पारिन्छ । पेटले शान्ति खोज्छ, उपदेशले होइन । अब प्रश्न समाधानको हो । वैदेशिक रोजगारी बन्द गर्नु विकल्प होइन; सुधार नै समाधान हो ।

पहिलो, बिचौलिया र ठगीमा संलग्न संरचनालाई राजनीतिक संरक्षणबाट मुक्त गर्नुपर्छ । कानुन कडा बनाउनुमात्र होइन, कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । फ्रि भिसा-फ्रि टिकट नीतिलाई या त पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ, नभए व्यावहारिक रूपमा पुनः परिमार्जन गर्नुपर्छ । १० हजारको रसिद दिएर तीन लाख असुल गर्ने परिपाटी तत्काल बन्द गरिनुपर्छ ।

दोस्रो, अहिलेको प्रस्थानपूर्व तालिम धेरैजसो औपचारिकतामा सीमित छ, जसले श्रमिकलाई व्यावहारिक रूपमा सक्षम बनाउन सकिरहेको छैन । यसलाई सुधार गर्दै तालिमलाई वास्तविक जीवनसँग जोड्न आवश्यक छ । श्रमिकलाई जाने देशको कार्यपरिस्थिति, तलब संरचना, कामको प्रकृति र दैनिक जीवनका जोखिमहरूबारे स्पष्ट,उदाहरणसहित जानकारी दिनुपर्छ ।

तालिमको केन्द्रमा श्रमिकका अधिकारहरू हुनुपर्छ । उनीहरूले आफ्नो सम्झौता बुझ्ने, तोकिएको तलब नपाए के गर्ने, पासपोर्ट जफत भए कहाँ जाने, वा जबरजस्ती काम बदलिएमा कसरी प्रतिकार गर्ने भन्ने कुरा प्रस्ट रूपमा सिकाइनुपर्छ । यससँगै तालिम समस्या समाधानमा केन्द्रित हुनुपर्छ । दूतावास वा सम्बन्धित निकायमा गुनासो कसरी दर्ता गर्ने, हेल्पलाइन कसरी प्रयोग गर्ने, डिजिटल माध्यमबाट सहयोग कसरी लिने- यी सीपहरू अभ्यासमार्फत सिकाइनुपर्छ । भाषा र सञ्चार सीप पनि महतवपूर्ण पक्ष हो । कम्तीमा आधारभूत संवाद गर्न सक्ने क्षमता विकास गराउँदा श्रमिकको आत्मविश्वास बढ्छ । प्रस्थानपूर्व तालिमलाई कागजी प्रक्रिया होइन, श्रमिकलाई सशक्त बनाउने आधारका रूपमा विकास गर्न सकिएमात्र शोषण न्यूनीकरण सम्भव हुन्छ । अरू कसैको बुढीऔंलाको छाप लगाएर अभिमुखीकरण तालिम दिने प्रचलन बन्द गरिनु पर्छ ।

तेस्रो, दूतावासलाई श्रमिक-मैत्री बनाइनुपर्छ । सेवा प्रवाह छिटो, पारदर्शी र सहानुभूतिपूर्ण हुनुपर्छ । श्रमिकलाई सम्मान गर्नुपर्छ भन्ने कुरा 'सुझाव' होइन, दूतावासका कर्मचारीका लागि अनिवार्य निर्देश हुनुपर्छ । नियुक्ति मेरिटका आधारमा हुनुपर्छ, पहुँचका आधारमा होइन । घुस खुवाएर हुने नियुक्ति बन्द गरौं । औपचारिकतामा गफ र प्रगतिका ठेली सुनाउने नियोग होइन, परिणाम दिने नियोग चाहिन्छ । त्यसका लागि सरकारले हरेक नियोगको 'ह्यापिनेस इन्डेक्स' मापन गर्नुपर्छ ।

चौथो, दीर्घकालीन रूपमा देशभित्र रोजगारी सिर्जना गर्नुपर्छ । उत्पादनमुखी अर्थतन्त्र विकास नगरेसम्म यो चक्र तोडिँदैन । कृषिमा अनुदान कटौती होइन, विस्तार चाहिन्छ । कृषि औजारमा भन्सार घटाएर श्रमिकलाई कृषिमा लगानी गर्न प्रेरित गर्नुपर्छ । खाडीमा बसेर हेर्दा स्पष्ट देखिन्छ- समस्या परदेशमा होइन, काठमाडौंमा छ । नीति निर्माणको तहमा छ । जबसम्म राज्यले आफ्ना असफलता स्वीकार्दैन, सुधार सम्भव छैन ।

अन्ततः बहस श्रमिकको व्यवहारमा होइन, राज्यको जिम्मेवारीमा केन्द्रित हुनुपर्छ । श्रमिकलाई 'रेमिट्यान्स मेसिन' होइन, अर्थतन्त्रका आधारस्तम्भका रूपमा हेर्नुपर्छ । सम्मान उनीहरूको अधिकार हो- दया होइन । अब प्रश्न सीधा छ- के नयाँ सरकार आफ्ना नागरिकप्रति उत्तरदायी बन्न तयार छ ? वा अझै पनि श्रमिकको पसिनामाथि टेकेर असफलता लुकाइरहनेछ ? यसको उत्तर शब्दमा होइन, व्यवहारमा देखिनुपर्छ । गफ गरेर होइन, श्रमिकले महसुस गर्ने गरी काममा देखिनुपर्छ ।


## जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

## अन्तराष्ट्रिय समाचार

# ट्रम्पको अल्टिमेटमपछि दबाबमा ईयू

***ब्रसेल्स-*** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ कडा भन्सार शुल्क लगाउने चेतावनी दिएपछि युरोपेली सङ्घ (ईयू) अमेरिका-ईयू व्यापार सम्झौतालाई अन्तिम रूप दिन तीव्र दबाबमा परेको छ । करिब एक वर्षदेखि अड्किएको सम्झौता कार्यान्वयनका लागि ईयूका सदस्य राष्ट्र, संसद् र वार्ताकारहरू मङ्गलबार निर्णायक छलफलमा जुटेका छन् ।



गत जुलाईमा वासिङ्टन र ईयूबीच अधिकांश युरोपेली वस्तुमा १५ प्रतिशत भन्सार शुल्क लगाउने सहमति भएको थियो । स्कटल्यान्डको टर्नबेरीमा अमेरिकी राष्ट्रपति ट्रम्प र युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयनबीच उक्त सहमति भएको भए पनि त्यसको अन्तिम कानूनी पाठमा अझै सहमति जुट्न सकेको छैन । ट्रम्प प्रशासनले सम्झौता तत्काल कार्यान्वयन नभए जुलाई ४ पछि युरोपेली वस्तुमाथि अझ कडा शुल्क लगाइने चेतावनी दिइसकेको छ।

विशेषगरी युरोपेली कार र ट्रकमा हालको १५ प्रतिशत शुल्क बढाएर २५ प्रतिशतसम्म पुऱ्याउन सकिने सङ्केत वासिङ्टनले दिएको छ । अमेरिकास्थित ईयू मिसनले सोमबार सामाजिक सञ्जाल एक्समार्फत 'सम्झौता भनेको सम्झौता हो' भन्दै टर्नबेरी सहमतिप्रति ईयू प्रतिबद्ध रहनुपर्ने सन्देश दिएको थियो । यही दबाबका बीच युरोपेली संसद् र सदस्य राष्ट्रका प्रतिनिधिहरू मङ्गलबार राति फ्रान्सको स्ट्रासबर्गमा भेला हुँदैछन् । उनीहरूको मुख्य उद्देश्य ट्रम्पले तोकेको समयसीमाभित्र सहमति जुटाएर एक वर्षभन्दा लामो समयदेखि चलिरहेको ट्रान्सअटलान्टिक व्यापार तनाव अन्त्य गर्नु रहेको बताइएको छ । ट्रम्पले यसअघि स्टिल, एल्युमिनियम र सवारीसाधनका पार्टपुर्जामा उच्च कर लगाएर विश्वव्यापी व्यापार प्रणालीलाई झट्का दिएका थिए ।

त्यसले युरोपेली अर्थतन्त्रमा पनि प्रत्यक्ष असर पारेको थियो । यद्यपि अमेरिका ईयूको सबैभन्दा ठूलो व्यापार साझेदार भएकाले दुवै पक्ष पूर्ण व्यापार द्वन्द्वतर्फ जान नचाहेको विश्लेषण गरिएको छ । अमेरिका र ईयूबीचको वार्षिक व्यापार सम्बन्ध करिब १६ खर्ब युरो अर्थात् १९ खर्ब अमेरिकी डलर बराबरको रहेको छ। त्यसैले दुवै पक्ष दीर्घकालीन अस्थिरता अन्त्य गर्न इच्छुक देखिएका छन् ।

हाल ईयूको अध्यक्षता गरिरहेको साइप्रसले आफ्नो प्राथमिकता 'ईयू-अमेरिका संयुक्त वक्तव्यको शीघ्र कार्यान्वयन' रहेको स्पष्ट पारेको छ। तर सम्झौता कार्यान्वयन सहज देखिएको छैन । अमेरिकी पक्षले अस्वीकार्य मानेका केही संशोधनहरू मार्चमा युरोपेली संसद्ले थपेपछि प्रक्रिया थप जटिल बनेको थियो । अहिले ती संशोधन हटाउन संसदमाथि दबाब बढेको छ ।

युरोपेली संसद्को व्यापार समितिका प्रमुख बर्नड ल्याङले दुवै पक्षबीच पर्याप्त प्रगति भइसकेको दाबी गरे । उनले नयाँ प्रस्तावमार्फत अन्ततः सहमति नजिक पुग्न सकिने विश्वास व्यक्त गरे । यद्यपि संसदभित्रै विभिन्न राजनीतिक समूहबीच अझै मतभेद कायम छ । अन्तिम क्षणसम्म मोलमोलाइ चलिरहेकाले साझा धारणा निर्माण चुनौतीपूर्ण बनेको बताइएको छ ।

युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयन आबद्ध युरोपियन पिपुल्स पार्टी (इपिपी) सम्झौता तत्काल लागू गर्नुपर्ने पक्षमा देखिएको छ । इपिपी सांसद जेल्जाना जोभ्कोले सम्झौता अन्ततः पूरा हुनेमा आफू विश्वस्त रहेको बताइन् । इपिपीलाई दक्षिणपन्थी इसिआर समूहले पनि समर्थन गरेको छ । उक्त समूहका छाया प्रतिवेदक क्रिस भ्यान डिजकले आफू 'सावधानीपूर्वक आशावादी' रहेको प्रतिक्रिया दिए ।

तर समाजवादी र डेमोक्रेट समूहसहित केही राजनीतिक शक्तिहरूले युरोपेली उद्योग र कामदारहरूको सुरक्षालाई प्राथमिकता दिनुपर्ने अडान राखेका छन् । समाजवादी सांसद क्याथलीन भ्यान ब्रेम्प्टले आफ्नो समूह रचनात्मक रूपमा वार्तामा सहभागी हुने भए पनि युरोपेली व्यवसाय र श्रमिकको स्थिरता तथा सुरक्षा सुनिश्चित गर्नुपर्ने बताइन् । विवादको मुख्य विषयमध्ये एउटा 'निलम्बन प्रावधान' बनेको छ । यदि अमेरिकाले भविष्यमा सम्झौताको शर्त उल्लङ्घन गरे ईयूले अमेरिकी निर्यातकर्तालाई दिइएको विशेष भन्सार सुविधा हटाउन सक्ने व्यवस्था संसद्ले कडा बनाएको छ ।

त्यसैगरी 'सूर्योदय' र 'सूर्यास्त' प्रावधानलाई लिएर पनि मतभेद देखिएको छ । यी प्रावधानअनुसार अमेरिकाले आफ्ना प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन गरेपछि मात्रै ईयूले सम्झौताको केही भाग लागू गर्नेछ भने सन् २०२८ सम्म नवीकरण नभए सम्झौता स्वतः समाप्त हुनेछ ।

ग्रीन पार्टीकी सांसद अन्ना काभाजिनीले सहमतिको सम्भावना सकारात्मक देखिए पनि सदस्य राष्ट्रहरूले संसद्का मुख्य मागमा अझ लचकता देखाउनुपर्ने बताइन् । उनले ट्रम्पमाथि पूर्ण भरोसा गर्न नसकिने भन्दै ईयूले आफ्नो सुरक्षा संयन्त्र बलियो बनाउनुपर्ने धारणा राखिन् ।

## संघीय..........

गर्दा आइतबार कार्यालय बन्द राख्दा सेवा प्रवाहमा ढिलासुस्ती हुने देखिएकाले हामीले साताको ६ दिन नै काम गर्ने निर्णय गरेका हौं ।"

नगरपालिकाको निर्णयपछि चन्द्रपुरबासीले साताको अधिकांश दिन प्रशासनिक, प्राविधिक तथा शैक्षिक सेवा अविरल रूपमा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ। नगर प्रशासनले यस निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण कर्मचारी तथा शिक्षण संस्थाहरूलाई निर्देशनसमेत दिइसकेको जनाएको छ।

संघीय सरकारले परीक्षणका रूपमा अघि सारेको दुई दिने सार्वजनिक बिदाको अवधारणा धेरै स्थानीय तहमा प्रभावकारी हुन नसकेको भन्दै क्रमशः त्यस्तो अभ्यास हटाउँदै लगिएको छ। यसअघि केही ठूला सहर तथा निकायहरूले आइतबार बिदाको अभ्यास गरे पनि चन्द्रपुरको पछिल्लो निर्णयले स्थानीय स्वायत्तता र स्थानीय आवश्यकतालाई प्राथमिकता दिएको विश्लेषण गरिएको छ।


## जनहितमा जारी सन्देश

- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौं ।
- नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- लैंगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।

पोखरिया नगरपालिका
पोखरिया, पर्सा



**श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय बबुआईन**
*Shree Nepal Rastriya Secondary School,Babuain*
महागढीमाई न.पा.-०६ बारा
Mahagadhimai Municipality-6 Bara
Estd:2022
MobN.9855048489 EMIS-330050002
Email:mavibabuain@gmail.com

पत्र संख्या : २०८२/०८३
चलानी नं. : १२१
मिति : २०८३/०२/०१

**विषय:** खेती गर्न डाक बढाबढको सूचना।

इच्छुक महानुभावहरु,

प्रस्तुत विषयमा यस विद्यालयको स्वामित्वमा रहेका गा.वि.स. बबुआईन वार्ड नं. ९ हाल महागढीमाई न.पा.०६ को कि.न.१४८, १५६, १५८ र १९२ को जम्मा ज.वि. ६-२-० मध्ये विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०१/२७ गतेको निर्णयानुसार खेती गर्न ज.वि. ५-०-० अक्षरेपी पाँच विगहा जग्गामा तपसिल अनुसारका शर्त/वन्देजको अधिनमा रही ठेक्का साकार गर्न खुल्ला डाक बढावढ यहि मिति २०८३/०२/१३ गते बुधवारका दिन दिउँसो १:०० बजे बिद्यालयको प्रा.वि. शाखा बबुआईन टोलमा हुने भएकोले इच्छुक महानुभावहरुले सहभागी भई ठेक्का प्रक्रियालाई सफल बनाई दिनुहुन आमन्त्रण सहित अनुरोध छ।

**तपसिल**

१. ठेक्का हुने जम्मा ज.वि. ५-०-० (पाँच विगहा) बगैचा सहित
२. ठेक्काको अवधि - ५ वर्ष (२०८३ जेष्ठदेखि २०८८ वैशाख)
३. ठेक्काको न्युनतम रकम रु.६,७५,५००।- छव लाख पचहतर हजार पाँच सय मात्र
४. ठेक्काको डाक बढावढ गर्ने ठेकदारले बोलेको रकमको धरौटी रकम नेपाली भए ५%, विदेशी भए १०% रकम बुझाउनुपर्नेछ।
५. बोल कबोल बोल्दा एक पटकमा न्यूनतम रु.५००/- पाँच सय भन्दा बढी बढ्नु पर्नेछन।
६. बोल कबोलको सबभन्दा बढी रकम सकार रकम हुनेछन्।
७. बोलकबोलबाट सकार रकमको भुक्तानी ५ वर्षको किस्तावन्दीमा हुनेछन्।
ठेक्का सकार गरेको पहिलो ठेकेदारले ७ दिनभित्र पहिलो किस्ता रकम विद्यालको एनएमबी बैङ्क शाखा कलैयाको च.हि.नं. ०५०७९०५३५०४४७०१० मा जम्मा गरी सक्कल भौचर पेश गरेमा मात्र विद्यालयले एक वर्षको चलन पूर्जी दिइनेछन्।
शर्त नं.८ अनुसारको पहिलो ठेकेदारले शर्त पूरा नगरेमा सोको धरौटी रकम जफत गरी दोस्रो ठेकेदारलाई ५ दिनको क्रमशः तेस्रो ठेकेदारलाई ३ दिनको समय दिई प्राथमिकता दिइनेछन्।
वार्षिक किस्ताको रकम प्रतिवर्षको चैत्र मसान्तमा अनिवार्य रुपले जम्मा गरी अर्को वर्षको चलन पूर्जी लिनुपर्नेछन।
शर्त नं. १० अनुसारको वार्षिक किस्ता रकम चैत्र मसान्तमा जम्मा नगरेमा आउदो वैशाखमा सोको ठेक्का स्वतः बदर भई विद्यालयले ठेकेदारको धरौटी रकम जफत गरी नयाँ ठेक्का लगाईनेछन।
ठेक्का अवधिभित्र विद्यालयलाई आवश्यक परेको जग्गा ठेक्कावाट मिन्हा भई सोको रकम किस्ता रकमवाट मिन्हा दिइनेछन।
धरौटी रकम अन्तिम वर्षको वार्षिक किस्ता रकममा मिन्हा हुनेछन।
बोल कबोल गरेको पहिलो, दोश्रो र तेस्रो ठेकेदारको धरौटी रकम शर्त नं. ८ र ९ पूरा नहुन्जेलसम्म विद्यालयमा रहनेछन।
ठेक्का सदर बदर गर्ने अधिकार विधालयमा निहित रहनेछन।
ठेक्कापाटा सकार गरेको ठेकेदारले सो जग्गा अरुलाई वेच्न र जग्गाको स्वरुप फेर्न पाइदैन।


**नोट:- ठेक्का सम्वन्धी अन्य जानकारी प्राप्त गर्न सम्पर्क नं. 9855048489, 9845491760 मा सम्पर्क गर्नुहोला।**

सुरेश कुमार सिंह
प्रधानाध्यापक
प्रधानाध्यापक
सुरेश कुमार सिंह


# गैरकानूनी हस्तक्षेप रोक्न प्रधानमन्त्रीसमक्ष मेयर साहको आग्रह, नगरपालिकामा ताल्चा लगाउने चेतावनी

***रौतहट, ०५ जेठ***

मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले संघीय सरकारले स्थानीय तहको कामकारबाहीमा गैरकानूनी हस्तक्षेप गरेको आरोप लगाउँदै हस्तक्षेप तत्काल बन्द नगरे नगरपालिकामा ताल्चा लगाउन बाध्य हुने चेतावनी दिएकी छन् ।



मंगलबार जारी प्रेस वक्तव्यमार्फत मेयर साहले प्रधानमन्त्री वालेन्द्र शाहसमक्ष मौलापुर नगरपालिकामा भइरहेको हस्तक्षेप रोक्न तथा संविधान र कानूनअनुसार नगरपालिका सञ्चालन गर्न आवश्यक निर्देशन दिन आग्रह गरेकी हुन् । अन्यथा नगरपालिकाको कामकारबाही ठप्प पारेर ताल्चा लगाउनुपर्ने अवस्था आउने उनको भनाइ छ।

मेयर साहले विद्युत्, खानेपानी तथा "छोरीसँग मेयर कार्यक्रम" अन्तर्गत छोरीको विवाह सहयोग रकम भुक्तानीका विषयमा भइरहेको आन्दोलनप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेकी छन् । नगरसभाबाट पारित बजेट, नीति तथा कार्यक्रमअनुसार "फ्री बिजुली, फ्री पानी" कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको तथा विवाह सहयोग कार्यक्रम सञ्चालनका लागि समेत रकम सुनिश्चित गरिएको उनले स्पष्ट पारेकी छन् ।

वक्तव्यमा उनले यी कार्यक्रमलाई नगरको गौरवका रूपमा उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयन र निरन्तरताप्रति नगरपालिका प्रतिबद्ध रहेको जनाएकी छन् ।

मेयर साहका अनुसार, चालु आर्थिक वर्षको सुरुआतमा तत्कालीन सरकारले पठाएको प्रमुख प्रशासकीय अधिकृत लामो समयसम्म कार्यालयमा हाजिर नभएको र त्यसपछि सरकार परिवर्तन तथा आचारसंहिताका कारण भुक्तानी प्रक्रिया प्रभावित भएको थियो । हाल नयाँ सरकारले पठाएको प्रमुख प्रशासकीय अधिकृतसमेत नियमित रूपमा कार्यालयमा उपस्थित नभएको र बैंक खाता सञ्चालन गर्न समेत तयार नभएको आरोप उनले लगाएकी छन् । पटक-पटक निर्देशन दिँदा पनि विभिन्न बहानामा भुक्तानी प्रक्रिया अवरुद्ध गरिएको भन्दै उनले नगरपालिकाको कामलाई गत्यारोध गर्ने प्रयास भइरहेको टिप्पणी गरेकी छन् । मेयर साहले स्थानीय सरकारलाई सहजीकरण गर्नुको सट्टा कर्मचारीतन्त्रमार्फत अनावश्यक हस्तक्षेप गरिएको आरोप लगाउँदै निर्वाचित जनप्रतिनिधिको निर्देशन अवज्ञा गर्ने, नगरसभाबाट पारित कार्यक्रमको भुक्तानी रोक्ने तथा योजना कार्यान्वयनमा ढिलासुस्ती गराउने कार्यले स्थानीय स्वायत्ततामाथि प्रश्न उठाएको बताएकी छन् । पछिल्ला घटनाक्रमले गम्भीर अवस्था सिर्जना गरेको उल्लेख गर्दै उनले प्रश्न गरेकी छन्, "के मौलापुर नगरपालिका बन्द गर्नुपर्ने हो?" उनले हस्तक्षेप तत्काल बन्द गर्न सरकारसमक्ष माग गर्दै अन्यथा कठोर कदम चाल्न बाध्य हुने चेतावनी दोहोऱ्याएकी छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# सशस्त्र प्रहरी बलद्वारा जल उत्पन्न विपद् उद्धार सम्बन्धी सेमुलेशन अभ्यास सम्पन्न

***हरिकिशोर शर्मा***
***पर्सा, ०५ जेठ***

सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा. पर्सा को आयोजनामा जल उत्पन्न विपद् उद्धार सम्बन्धी सेमुलेशन अभ्यास सम्पन्न गरिएको छ । वीरगंज महानगरपालिका-१४ पिपरास्थित गण मुख्यालय नजिक रहेको पोखरी क्षेत्रमा आयोजित उक्त अभ्यासमा विपद् व्यवस्थापन तथा उद्धारसम्बन्धी व्यवहारिक प्रदर्शन गरिएको थियो ।



कार्यक्रममा अशोक कुमार वमको प्रमुख आतिथ्यता रहेको थियो । उनी सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालयका सहायक बाहिनीपति हुन् ।
सेमुलेशन अभ्यासमा सिद्धार्थ माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थी तथा स्थानीय बासिन्दासहित करिब १५० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा विपद्का समयमा अपनाउनुपर्ने सावधानी, उद्धारको प्रारम्भिक प्रक्रिया तथा सामूहिक सचेतनाबारे जानकारी गराइएको थियो । अभ्यासका क्रममा पानीमा डुबेका व्यक्तिको खोज तथा उद्धार, डोरी, लाइफ ज्याकेट, ट्युब लगायतका उद्धार सामग्रीको प्रयोग, घाइतेलाई सुरक्षित स्थानमा सार्ने तरिका तथा प्राथमिक उपचारसम्बन्धी व्यवहारिक प्रदर्शन गरिएको थियो। सशस्त्र प्रहरीका प्रशिक्षित टोलीले वास्तविक विपद् आएजस्तै वातावरण सिर्जना गर्दै उद्धार कार्यको नमुना अभ्यास गरेका थिए।
कार्यक्रमलाई सम्बोधन गर्दै बरिष्ठ उपरीक्षक वमले वर्षायाम नजिकिँदै गइरहेका बेला जलजन्य विपद्का घटनाबाट बच्न समयमै सचेतना र तयारी आवश्यक रहेको बताए। उनले विपद् व्यवस्थापनमा सुरक्षा निकायसँगै स्थानीय समुदायको भूमिका पनि महत्वपूर्ण हुने उल्लेख गर्दै यस्ता अभ्यासले जनचेतना अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।
सशस्त्र प्रहरीले मनसुनजन्य जोखिमलाई मध्यनजर गर्दै जिल्लाका विभिन्न क्षेत्रमा विपद् उद्धार तयारी, जनचेतनामूलक कार्यक्रम तथा पूर्वअभ्यासलाई निरन्तरता दिँदै आएको जनाएको छ । कार्यक्रममा सहभागी विद्यार्थी तथा स्थानीयहरूले समेत यस्तो व्यवहारिक अभ्यासले विपद्को समयमा अपनाउनुपर्ने उपायबारे प्रत्यक्ष ज्ञान प्राप्त भएको प्रतिक्रिया दिएका थिए ।

# फतुवा विजयपुरको टेंग्राहामा एकै रात तीन घरमा चोरी

***रूपेश यादव***
***रौतहट, ०५ जेठ***



फतुवा विजयपुर नगरपालिका अन्तर्गत वडा नम्बर-४ स्थित टेंग्राहा गाउँमा गएराति एकै रात तीन घरमा चोरी भएको घटना सार्वजनिक भएको छ । स्थानीयका अनुसार चोरीका घटनाले गाउँमा त्रास फैलिएको छ भने सुरक्षा व्यवस्थामाथि प्रश्न उठेको छ ।
टेंग्राहा गाउँको ठूलो बालुवा टोलस्थित स्थानीय राजेन्द्र राय यादव को घरमा सुरुङ बनाएर चोरी गरिएको परिवारजनले बताएका छन् । घरबाट सुनचाँदीका गरगहना, नगद तथा अन्य बहुमूल्य सामान गरी करिब १० लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको जनाइएको छ ।
त्यसैगरी सोही टोलका स्थानीय नन्द राय यादवको घरमा पनि सुरुङ बनाउने प्रयास गरिएको थियो । तर, घरधनी नसुतेको कारण चोरहरू चोरी गर्न सफल नभएको स्थानीयवासीले बताएका छन् ।
यस्तै, गाउँकै सानो बालुवा टोलमा बसोबास गर्दै आएका जामुन ठाकुर हजाम को घरमा पनि चोरी भएको छ । घर निर्माणका लागि राखिएको नगद रकम, सुनचाँदीका गरगहना तथा अन्य सामग्री चोरी भएको परिवारजनले बताएका छन् । उक्त घरबाट पनि करिब १० लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।
घटनापछि स्थानीयवासी ठूलो संख्यामा भेला भएका थिए । पीडित परिवारले रातको समयमा सुरक्षाको अभावका कारण चोरीका घटना बढ्दै गएको गुनासो गरेका छन् ।
प्रहरीले घटनामा संलग्न भएको आशंकामा चार जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको जनाएको छ । इलाका प्रहरी कार्यालयका अनुसार घटनास्थलबाट आवश्यक प्रमाण संकलन गरिएको तथा चोरीमा संलग्न अन्य व्यक्तिको खोजी कार्यसमेत जारी रहेको छ ।
स्थानीयवासीले पछिल्लो समय गाउँ क्षेत्रमा प्रहरी गस्ती कमजोर हुँदा चोरीका घटनामा वृद्धि भएको आरोप लगाएका छन्। उनीहरूले रात्रीकालीन सुरक्षा व्यवस्था प्रभावकारी बनाउन तथा नियमित गस्ती बढाउन सम्बन्धित निकायसँग माग गरेका छन् । प्रहरीले भने घटनाबारे गम्भीर रूपमा अनुसन्धान भइरहेको र दोषीलाई कानुनी दायरामा ल्याइने जनाएको छ ।

# वडा अध्यक्ष तिवारीद्वारा विद्यालयहरूलाई कम्प्युटर तथा पङ्खा सहयोग

शु.आ. सम्वाददाता
कलैया , ०५ जेठ

कलैया उपमहानगरपालिका वडा नम्बर-२७ का वडा अध्यक्ष अशोक कुमार तिवारीले विभिन्न सामुदायिक विद्यालयलाई शैक्षिक सामग्री तथा विद्युतीय उपकरण सहयोग प्रदान गरेका छन् ।



मंगलबार आयोजित कार्यक्रममार्फत वडा अध्यक्ष तिवारीले नेपाल राष्ट्रिय आधारभूत विद्यालय बर्वा लाई एक थान कम्प्युटर र दुई थान वालफ्यान हस्तान्तरण गरेका हुन् ।
त्यसैगरी, नेपाल राष्ट्रिय आधारभूत विद्यालय बिजुलपुर रामपुर लाई चार थान पङ्खा तथा श्री सरस्वती आधारभूत विद्यालय पर्ताटोल लाई समेत चार थान पङ्खा उपलब्ध गराइएको जनाइएको छ ।
विद्यालयहरूमा विद्यार्थीको अध्ययन वातावरण सहज बनाउने उद्देश्यले उक्त सहयोग गरिएको वडा अध्यक्ष तिवारीले बताएका छन् । उनले आगामी दिनमा पनि शिक्षा क्षेत्रको विकास र विद्यालयको आधारभूत आवश्यकता पूर्तिका लागि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।
विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा स्थानीय अभिभावकहरूले वडा कार्यालयको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै यस्ता सहयोगले विद्यालयको शैक्षिक वातावरण सुधारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।

श्री माध्यमिक बिद्यालय शितलपुर
SHREE SECONDRY SCHOOL SHITALPUR
फतुवा बिजयपुर नगरपालिका-०२ शितलपुर रौतहट
Phatuwa Bijaypur Municipaluty–02, Shitalpur
स्थापना: २०१७ Estd: 2017

मिति: २०८३/०२/०४

## बिषय:- शिक्षक आवश्यकता सम्बन्धि सुचना

प्रस्तुत बिषयमा फतुवा बिजयपुर नगरपालिका रौतहटको शिक्षक भर्ना अनुमति बारेको प्राप्त पत्रानुसार यस बिद्यालयमा रिक्त रहेको मा.वि. संघिय अनुदान अंग्रेजी बिषयको शिक्षक आवश्यकता भएकोले योग्यता पुगेको नेपाली नागरिकहरू बाट बिज्ञापन मितिले १५ (पन्ध्रौं दिन भित्र यस कार्यालयको समय भित्र निवेदन दिनका लागि यो सुचना आहवान गरिएको छ ।

तपसिल:-

क) बिज्ञापन नं. ०५ /२०८२/२०८३
पद:- शिक्षक
तह/श्रेणी :- मा.वि. तृतीय (संघिय अनुदान)
विषय:- अंग्रेजी
पद संख्या:- एक (१) जना
शैक्षिक योग्यता:- मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी बिषयमा कम्तिमा स्नातक तह उतिर्ण वा सरह ( माथिल्लो योग्यता भएका र कम्प्युटरमा अनुभवी उम्मेदवारलाई बढी प्राथमिकता दिईने छ ।
तलब स्केल:- मा.वि.तृतीय श्रेणी शिक्षक सरह
उमेर:- १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको
विज्ञापन दस्तुर:- ११००/- (अक्षरेपी एक हजार एक सय मात्र ।)
परिक्षाको किसिम:- लिखित (सामान्य र विषयगत माखिक) र आवश्यकता परे प्रयोगात्मक

आवश्यक कागजातहरु
-नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी -१ थान
-शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी- १ थान
-माध्यमिक तहको अध्यापन अनुमतिपत्र-१ थान
-हस्त लिखित निवेदन -१ थान र पासपोर्ट साईजको फोटो-१ थान

प्रधानाध्यापक
मुकेश राय यादव

# क्रियाशील सदस्यता वितरण समयमै सम्पन्न गर्न बारामा कांग्रेसको निर्देशन

***शु.आ. सम्बाददाता***
***कलैया, ०५ जेठ***

नेपाली कांग्रेस जिल्ला कार्यसमिति बाराको बैठकले क्रियाशील सदस्यता वितरण तथा नवीकरण कार्यलाई प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरेको छ। कलैया स्थित बी.पी. स्मृति भवनमा जिल्ला सभापति राजेश राय यादवको सभापतित्वमा सम्पन्न बैठकले संगठन सुदृढीकरणसँग सम्बन्धित विभिन्न महत्वपूर्ण निर्णयहरू पारित गरेको हो । बैठकमा जिल्ला पदाधिकारी, जिल्ला सदस्य, आमन्त्रित सदस्य, प्रतिनिधिसभा तथा प्रदेशसभा क्षेत्रीय सभापतिहरू, पालिका सभापतिहरूका साथै भ्रातृ एवं शुभेच्छुक संस्थाका अध्यक्षहरूको उपस्थिति रहेको जनाइएको छ ।



बैठकले नेपाली कांग्रेसको क्रियाशील सदस्यता वितरण तथा नवीकरणको काम निर्धारित समयभित्र सम्पन्न गर्न मातहतका सबै निकायलाई सक्रिय रूपमा लाग्न निर्देशन दिएको छ । साथै, सदस्यता फाराम भर्ने र बुझाउने प्रक्रियामा देखिएको ढिलाइ तथा अन्योलता अन्त्य गर्न आवश्यक समन्वय र व्यवस्थापन गर्नुपर्ने निर्णय गरिएको बैठकपछि जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।
जिल्ला कार्यसमितिले क्रियाशील सदस्यताको अद्यावधिक कार्यलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउन विशेष जोड दिएको छ । सदस्यता प्रक्रियालाई लिएर नेता तथा कार्यकर्ताबीच अनावश्यक राजनीतिक शंका र भ्रम उत्पन्न हुन नदिन समेत बैठकले आग्रह गरेको छ ।
यसैबीच, बैठकले आगामी जेठ १३ गते बुधबार बिहान ८ बजे पुन: बी.पी. स्मृति भवन, कलैयामै जिल्ला कार्यसमितिको अर्को बैठक बस्ने निर्णय गरेको छ ।
उक्त जानकारी कार्यवाहक सचिव अभिका प्रसाद यादवद्वारा जारी प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिएको हो ।

सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश
- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।
सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका